**प्रस्तावहरु :**

१) रत्ननगर नगरपालिकाको वडा नं. ५ लाई बालमैत्री तथा बालश्रम मुक्त वडा घोषणा गर्ने सम्बन्धमा ।

२) रत्ननगर नगरपालिका र ILO (International Labour Organization) बीच गरिने MOU (Memorandum of Understanding) सम्बन्धमा ।

३) नेपालको गै.स.स. लुमन्तिलाई U.N. (United Nation) अन्तर्गतको ESCAP (Economic and Social Commission for Asia and the Pacific) मा रत्ननगर नगरपालिकालाई Pilot Project छान्नको लागि फाराम भरेर पठाउने र गै.स.स. लुमन्तिलाई काम गर्न सहमति दिने सम्बन्धमा ।

४) नगर खेलकुद विकास समिति गठन सम्बन्धमा ।

५) जितिया पर्व मनाउने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

माथि प्रस्ताव नं. १ उपर छलफल गर्दा नेपाल सरकारको बालमैत्री स्थानीय शासन अन्तर्गत यस नगरपालिकाको वडा नं. ५ कार्यालयले मिति २०७५ असोज ५ गते शुक्रबार, बिहान ११:०० बजे, झुवानी मा.वि., रत्ननगर ५ मा बालमैत्री स्थानीय राष्ट्रिय रणनीति २०६८ बमोजिम बाल अधिकारका निर्धारित सूचक तथा बालमैत्री स्थानीय तह घोषणा कार्यविधि २०७० बमोजिमका प्रकृया पुरा गरेकोले उक्त वडालाई बालमैत्री तथा बालश्रम मुक्त वडा घोषणा गर्ने र आयोजित कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

माथि प्रस्ताव नं. २ उपर छलफल गर्दा यस रत्ननगर नगरपालिकामा रोजगारी श्रृजना गर्ने विषयमा रत्ननगर नगरपालिका र International Labour Organization (ILO) बीच Partnership गरी रोजगारी श्रृजना, विकास र प्रवर्द्धनका विविध विषय सन्दर्भमा रत्ननगर नगरपालिका र ILO (International Labour Organization) बीच MOU (Memorandum of Understanding) गरी अगाडी बढ्न नगर प्रमुखलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

माथि प्रस्ताव नं. ३ उपर छलफल गर्दा लुमन्ति भन्ने गै.स.स.ले हाल रत्ननगर न.पा.को वार्ड नं. १, ३ र ४ मा विविध काम गर्दै आएको र अब पनि दिगो विकास लक्ष्य SDGS (Sustainable Development Goals) अन्तर्गत २ विषय क्षेत्र Affordable Housing र Open (Green and Blue) Space, Urban Agriculture and Food Security मा काम गर्न पाइलट Project छान्नको लागि United Nations अन्तर्गतको ESCAP (Economic and Social Commission for Asia and the Paciifc) र U.N. Habitat मा नेपालको लुमन्ति भन्ने गै.स.स. मार्फत Pilot Project छान्न उल्लेखित फाराम भरेर पठाउने र सो सम्बन्धमा लुमन्तिलाई काम गर्न सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

माथि प्रस्ताव नं. ४ उपर छलफल गर्दा नगर क्षेत्रमा खेलकुद प्रतिको आकर्षण जगाउने, खेलकुद क्षेत्रको विकास प्रवर्द्धन गर्दै राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रसम्म हुने प्रतिस्पर्धामा पुग्न तपसीलमा उल्लेखित पदाधिकारी रहेको नगर खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपसील समितिः

१. संयोजक – श्री केशव आचार्य, वडा अध्यक्ष– १०
२. उप–संयोजक – श्री शंकर सिं तमाङ्ग, वडा अध्यक्ष– १
३. सदस्य – श्री सोम बहादुर तमाङ्ग, वडा सदस्य– ७
४. सदस्य – श्री गायत्री वि.क., वडा सदस्य– ९
५. सदस्य – श्री सपना वि.क., वडा सदस्य– ११
६. सदस्य – श्री भुवन लामिछाने, वडा सदस्य– १२
७. सदस्य – श्री अजित चौरेल, वडा सदस्य– १३
८. सदस्य – श्री संजित थापा मगर, वडा सदस्य– १४
९. सदस्य – श्री रामकृष्ण खड्का, वडा सदस्य– १५

**निर्णय नं. ५**

माथि प्रस्ताव नं. ५ उपर छलफल गर्दा सबै जातजातिहरुले परम्परादेखि मनाउदै आएको चाडपर्व जस्तै थारु जातिलाई पनि महान चाड जितिया पर्वको सुअवसरमा थारु कल्याणकारी सभालाई जितिया पर्व मनाउनका लागि रु. ३०,०००।०० (अक्षेरुपी : तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।